फोन नं. ९८५२८२०७६५

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

Email : akcsaptari@gmail.com,
dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

# कृषि ज्ञान केन्द्र

राजविराज, सप्तरी

कार्यालय कोड ३१२०११५०१२

पत्र संख्याः २०८२/०८३

प्रथम पटक प्रकाशित मिति २०८२/१०/२०

**सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम अन्तर्गत स्यालो/ समरसिबल ट्यूवेल/ सोलार पम्प प्रणाली जडान तथा सञ्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

यस कृषि ज्ञान केन्द्रको आ.व. २०८२/२०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम अन्तर्गत स्यालो/ समरसिबल ट्यूवेल/ सोलार पम्प प्रणाली जडान तथा संचालन गर्न १५ % लागत साझेदारीमा संचालनको लागि "भुमिगत सिचाई प्रवर्द्धन सहयोग कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधी, २०८२" ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/ उद्यमीहरुले यस कृषि ज्ञान केन्द्रमा यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र अर्थात मिति २०८२।११।०५ गते सम्म कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु फाइलमा संलग्न राखि प्रस्ताव / आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रित्त नपुगेका र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्ताव/आवेदनका लागि Website: www.akcsaptari.p2.gov.np बाट लिन सकिन्छ ।

संलग्न गर्नु पर्ने कागजातहरुः-

- अनुसूची २ बमोजिमको निवेदन र अनुसूची ३ बमोजिम जल उपभोक्ता सम्बन्धी विवरण।
- कृषकको हकमा आफु र आफ्नो परिवारको नाममा रहेको २ विघा, कृषक समुह, कृषि सहकारी र कृषि फर्मको हकमा कम्तिमा ४ बिघाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि वा लिजमा लिएको हकमा करारनामा वा मन्जुरनामा पेश गर्नु पर्ने।
- पेश गरेको जग्गाधनी लालपुर्जाको हालको मालपोत तिरेको रसिदको प्रतिलिपि।
- स्थानिय निकाय वा कृषि विकास शाखा वा वडा कार्यालयको सिफारिसपत्र।
- संस्थाको पान न., २०८१/८२ को कर चुक्ता, प्रमाण पत्रको प्रतिलिपि र प्रस्ताव गर्ने सम्बन्धमा निर्णयको प्रतिलिपी।
- कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र कृषक समुह/ कृषि सहकारीको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिकताको प्रतिलिपि र फार्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र। सम्पुर्ण कागजातहरु कृषक आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।
- गत विगत २ आ.व. भित्र यस ज्ञान केन्द्रबाट कुनै कार्यक्रम नपरेका (कृषक, कृषक समुह, कृषि सहकारी सस्था तथा फर्म कम्पनिहरु) लाई ग्राह्यता दिइने छ र झूटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन/निवेदन रद्द हुने छ।
- प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्दमा निहित रहने छ।
- थप जानकारीका लागि यस कृषि ज्ञान केन्द्र, सप्तरी र सूचना अधिकारी श्री चिरञ्जिवि पुरी (अधिकृत सातौं) को मोवाईल नं. ९८५२८२२७६५ मा सम्पर्क गर्न सकिने छ।

किसुन देव राउत

**नि. प्रमुख**

Scanned with CamScanner

फोन नं. ९८५२८२०७६५

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

Email : akcsaptari@gmail.com,
dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

# कृषि ज्ञान केन्द्र

कार्यालय कोड ३१२०११५०१२

राजविराज, सप्तरी

पत्र संख्याः २०८२/०८३
चलानी

## दुई बाली धान प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८२/१०/२०

यस कृषि ज्ञान केन्द्रको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दुई बाली (चैते धान र बर्षे धान) धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक, संयुक्त कृषक, कृषि सहकारी, कृषि फर्म, कृषि उद्योग तथा कृषक समुहले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८२/११/०५ भित्र कार्यक्रम प्रस्ताव तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

(१) तोकिएको ढाँचामा भरिएको निवेदन/आवेदन सहितको प्रस्ताव फारम।

(२) अनुसुची-३ बमोजिमः प्रस्तावित कार्यक्रमको उद्देश्य, कार्ययोजना, अनुमानित बजेट, अपेक्षित परिणाम, प्रतिवद्धता पत्र लगायतका विवरणसहितको कागजातहरु ।

(३) निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(४) स्थानिय तह वा वडा कार्यालय वा कृषि शाखाको सिफारीस।

(५) भूमि स्वामित्व प्रमाणपत्र अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने जग्गाको जग्गाधनी दर्ता प्रमाण पत्रको लालपुर्जा (कृषि सहकारी, कृषि उद्योग र कृषि फर्मको हकमा न्युनतम २० हे. (३० विघा), कृषि समुहको हकमा न्युनतम १० हे. (१५ विघा) र कृषक/संयुक्त कृषकको हकमा न्युनतम २ हे. (३ विघा) मा बाली लगाउने जग्गाको क्षेत्रफलको प्रतिलिपी पेश गर्नु पर्ने। साथै कृषि विघुतिकरणको लागि ५ हे. (७.५ विघा) धान खेती गरेको हुनु पर्ने।

(७) कृषि सहकारी, कृषि उद्योग र कृषि समुहको हकमा निर्णयहरु र दर्ता प्रमाणपत्रका साथै PAN वा VATमा दर्ता भएको कागजातहरु, आ.व २०८१/८२को कर चुक्ता लगाएतका सम्पुर्ण कागजातहरु।

.......................
किसुन देव राउत
**नि. प्रमुख**

Scanned with CamScanner